# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १५ गते २०१६ साल

श्री ५ को सरकार

## विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको स्थानीय विकास कार्य गठन आदेश २०१६ सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) आदेशको नाम स्थानीय विकास कार्य समिति गठन आदेश २०१६ रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. समितिको गठनः- स्थानीय विकास कार्य समिति, (यसपछि समिति भनिएको) नामको एउटा समितिको गठन गरिएको छ। जसमा देहायका व्यक्तिहरू सदस्य रहने छन्।

(क) श्री माननीय विकास मन्त्री — अध्यक्ष

(ख) श्री माननीय सहायक योजना मन्त्री — उपाध्यक्ष

(ग) श्री सचिव, विकास मन्त्रालय — सदस्य



६११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) श्री सचिव, अर्थ मन्त्रालय सदस्य
(ङ) श्री सचिव योजना मन्त्रालय सदस्य
(च) श्री सचिव, खाद्य तथा कृषि मन्त्रालय सदस्य
(छ) श्री सचिव, गृह मन्त्रालय सदस्य
(ज) श्री डाइरेक्टर, त्रिभवन ग्रामविकास विभाग सदस्य तथा सचिव

(२) इण्डियन एड मिशनको डाइरेक्टर या निजले खटाएको प्रतिनिधि यस समितिका सल्लाहकार हुनेछन् ।

३. समितिको काम कर्तव्यः- (१) समितिले श्री ५ को सरकारबाट स्वीकृत भए बमोजिमका स्थानीय विकास कार्यहरू कार्यान्वित गर्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी समितिले देहाएका कार्यहरू गर्न सक्नेछ ।

(क) जग्गा जमीन किन्ने
(ख) पिउने पानीको व्यवस्था मिलाउने ।
(ग) सिंचाईको निमित्त बांध बनाउने, सामूहिक वा टीकाहरू बनाउने ।
(घ) ग्रामीण सुधर सफाइका कार्यहरू गर्ने ।
(ङ) ग्रामिण सडकहरू बनाउने ।
(च) स्कूल र डिस्पेन्सरीहरू बनाउने ।
(छ) विउ र मल बाँड्ने ।
(ज) गाई, भैंसीको गोठ र हाँस कुखुराको खोर, पञ्चायत घर, सामहिक मनोरंजन केन्द्रहरू सार्वजनिक पुस्तकालयहरू आदि बनाउने ।
(झ) योजना सम्बन्धी नीति निर्धारित गर्न र योजना कार्यान्वित गर्ने कुरामा पूरा रेखदेख गर्ने ।
(ञ) वार्षिक वजेट तयार गर्ने ।
(ट) समयमै आवश्यक विशेषज्ञहरू तथा मालसामान पुऱ्याउने ।
(ठ) समितिबाट पास भएको योजना एक सप्ताह सम्ममा र अरू मासिक, अर्ध वार्षिक र वार्षिक कार्य प्रगति रिपोर्ट विकास मन्त्रालयमा पठाउने । ।
(ड) आर्थिक र प्रशासकीय नियमहरु बनाउने ।
(ढ) समितिका कर्मचारीहरुको सेवा सम्बन्धी नियमहरु बनाउने ।

४, समितिको कोष :- समितिको कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकार सित समय समयमा भएको सम्झौता बमोजिम मित्रराष्ट्रहरूबाट प्राप्त हुने सहायताको रकम ।

६९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) श्री ५ को सरकारबाट सम्झौता बमोजिम प्राप्त सहायताको रकम ।

५, समिति संगको ठेक्का पट्टा :- समितिको तर्फबाट गरिएको सबै ठेक्का पट्टा समितिले गरेको सम्झीनेछ र तैस्ता ठेक्का पट्टा सम्बन्धी सबै काम समितिले अधिकार दिएको अफिस रहरूले गर्नेछन् ।

६, समितिको निर्णय आदि प्रमाणित गर्ने :- समितिको तर्फबाट गरिने सबै पत्र व्यवहार तथा समितिको आदर्शहरू समितिका सचीवको दस्तखतद्वारा प्रमाणित गरिनेछ ।

७, समितिका सदश्यहरू थपघट गर्न सकिने:- श्री ५ को सरकारले आवश्यक ठानेमा समितिका सदश्यहरू थपघट गर्न या बदल्न सक्नेछ ।

आज्ञाले,
तारकबहादुर शाहा
श्री ५ को सरकारका सचिव,
विकास मन्त्रालय

६९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबा

६१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु